स्थानीय राजपत्र

खण्ड-६ संख्या- ४ २०७९ साल १० महिना ४ गते बुधवार

## भाग-१

## चन्द्रकोट गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९

**प्रस्तावना** :चन्द्रकोट गाउँपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, विभिन्न तहमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम चन्द्रकोट गाउँपालिकाको चन्द्रकोट गाउँपालिकाको दोश्रो गाउँसभा २०७९ ले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "चन्द्रकोट गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित चन्द्रकोट गाउँपालिका खेलकुद विकास समिति सम्झिनु पर्छ।

(ख) "संयोजक" दफा ३ बमोजिम गठित चन्द्रकोट गाउँपालिका खेलकुद विकास समितिको संयोजक सम्झिनु पर्छ।

(ग) "सदस्य" भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउनेछ।

(घ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम खेलकुद विकास समितिको सदस्य-सचिव सम्झिनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक

चन्द्रकोट गाउँपालिका, गुल्मी

क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ।

(छ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "अध्यक्ष" भन्नाले चन्द्रकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ञ) "उपाध्यक्ष" भन्नाले चन्द्रकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चन्द्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ठ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय तथा अर्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

३**: खेलकुद विकास समितिको गठनः** (१) गाउँपालिकामा खेलकुदको विकास गर्नको लागि चन्द्रकोट गाउँपालिकामा देहाय बमोजिमको ७ सदस्यीय "खेलकुद विकास समिति" को गठन हुनेछः-

(क) गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति – संयोजक

(ख) विभिन्न विधाका खेलकुदका खेलाडी वा खेल विज्ञहरु मध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित ३ जना – सदस्य

(ग) गाउँपालिका स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट समितिले मनोनित गरेका २ जना – सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

(२) समितिको बैठकमा खेलक्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(४) खेलकुद विकास समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

(५) खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहकार समिति गठन गर्न सकिनेछ।

४. <u>वडा खेलकुद समितिः</u> गाउँपालिकाको खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ।

<u>५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :</u>

१) खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका स्तरीय खेलकुद कार्ययोजनालाई स्वीकृत गर्ने ।

(ख) गाउँपालिकास्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

चन्द्रकोट गाउँपालिका, गुल्मी

(घ) खेलकूदको स्तरमा वृद्धि गर्न गाउँपालका स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने गराउने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(च) अन्तर पालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(छ) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने तथा आवश्यक निर्देशन दिने,

(ज) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(झ) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ञ) आवश्यकता अनुसार उप समिति गठन गर्ने,

चन्द्रकोट गाउँपालिका, गुल्मी

(ट) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघसंस्थाको नियमन गर्ने,

(ठ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ड) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नकोलागि पठाउने,

(ढ) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ण) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(त) वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,



चन्द्रकोट गाउँपालिका, गुल्मी

(थ) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(द) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ध) खेलकुद पर्यटनको विकास गर्ने तथा परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(न) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने

६. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : १) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) समितिलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ग) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

चन्द्रकोट गाउँपालिका, गुल्मी

७. <u>सदस्य सचिवको काम, कर्तव्य र अधिकार :</u> १)सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

८<u>. समितिका सदस्यहरुको पदावधि :</u> (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

९. <u>सदस्यको अयोग्यता</u> :१) देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

१०. <u>सदस्यता समाप्त हुने अवस्थाः</u> १) देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः–

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

चन्द्रकोट गाउँपालिका, गुल्मी

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(ङ) दफा ४ को उपदफा (३) बमोजिम कार्यपालिकाले हटाएमा।

तर, त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन। स्वतः पद रिक्त हुने अवस्थामा भने सुनुवाईको मौका अनिवार्य रहने छैन।

११. समितिको बैठक र निर्णय :

(१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट तोकिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछन।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य

चन्द्रकोट गाउँपालिका, गुल्मी

उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक महिनाको एक पटक बस्नेछ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(८) बैठक सम्बन्धी अध्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. <u>सदस्यको भत्ता:</u>

(१) सदस्यहरुले समितको बैठकमा भाग लिएवापत कार्यपालिकाद्वारा तोकिएवमोजिम

चन्द्रकोट गाउँपालिका, गुल्मी

कार्यपालिका सदस्यहरुले पाउने बैठक भत्ताभन्दा बढी नहुने गरी बैठक भत्ता पाउनेछन्।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्ने परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन्।

१३. <u>खेलकुद विकास कोष :</u>

(१) खेलकुद व्यवस्थापनका लागि गाउँपालिकामा रहने विविध कोष अन्तर्गत यसको कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विविध कोष अन्तर्गत खेलकुद सम्बन्धि कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट खेलकुद व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट खेलकुद व्यवस्थापनका लागि प्राप्त रकम,

चन्द्रकोट गाउँपालिका, गुल्मी

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) खेलकुद व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम खेलकुद व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम बैठकको निर्णयानुसार बाहेक खर्च गरिने छैन ।

(७)कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नेछ ।

चन्द्रकोट गाउँपालिका गुल्मी

१४. <u>खेलकुद सम्बन्धी संस्था दर्ता :</u>

(१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता, सूचीकरण समिति मार्फत गाउँपालिकामा हुनेछ।

(२) यसअघि अन्य निकायमा दर्ता, सूचीकरण, अद्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ।

(३) दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

**१५.** <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. <u>नियम बनाउन सक्ने</u> : यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका, गुल्मी